# मार्माली भाषिका र नेपाली भाषाका व्याकरणिक कोटिको तुलना

अशोक कुमार जोशी
परीक्षा क्रमाङ्क : २८०५६४/०७३
त्रि.वि. दर्ता नं. : ९-२-४६४-५०-२००९

त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग
अन्तर्गत स्नातकोत्तर (एम.एड.) चौथो सत्रको नेपा.शि. ५४४
पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत

**शोधपत्र**

शिक्षाशास्त्र केन्द्रीय विभाग
नेपाली भाषा शिक्षा विभाग
त्रि.वि., कीर्तिपुर, काठमाडौँ
२०७३/२०१६

## प्रतिबद्धता पत्र

यस शोध प्रतिवेदन भित्रका प्राथमिक सामग्रीहरु कहीँ कतैबाट साभार गरिएको छैन । द्वितीयक स्रोतबाट लिइएका सामग्रीहरुलाई सन्दर्भाङ्कन दिएर उल्लेख गरिएको छ । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका पनि छैनन् । तसर्थ यो शोध प्रतिवेदन मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

मिति : २०७३/०८/०६

.........................

अशोक कुमार जोशी

शोधार्थी

# निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर चौथो सत्र (सेमेस्टर) को नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत 'मार्माली भाषिका र नेपाली भाषाका व्याकरणिक कोटिको तुलना' शीर्षकको शोधपत्र शोधार्थी अशोक कुमार जोशीद्वारा मेरो निर्देशनमा तयार पारिएको हो । निजद्वारा कडा मिहिनेत र लगनशीलताका साथ तयार पारिएको हुनाले यस शोधप्रति म पूर्ण सन्तुष्ट छु । यस शोधपत्रको मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७३/०८/१४

Nov. 29, 2016

.........................................

उपप्रा.डा. बुद्धराज खनिया

(शोध निर्देशक)

नेपाली भाषा शिक्षा विभाग

त्रि. वि. कीर्तिपुर

त्रिभुवन विश्व विद्यालय
शिक्षाशास्त्र सङ्काय
नेपाली भाषा शिक्षा विभाग
कीर्तिपुर काठमाडौँ

## स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ अशोक कुमार जोशीले 'मार्माली भाषिका र नेपाली भाषाका व्याकरणिक कोटिको तुलना' शीर्षकमा तयार पार्नुभएको प्रस्तुत शोधपत्र नेपाली विषयमा स्नातकोत्तर उपाधिका लागि उपयुक्त ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

### शोध मूल्याङ्कन समिति

| क.सं. | नाम | हस्ताक्षर |
|---|---|---|
| १. | प्रा.डा. रामप्रसाद भट्टराई (विभागीय प्रमुख) | ................................ |
| २. | प्रा.डा. रामचन्द्र लम्साल (शोध विशेषज्ञ) | .............................. |
| ३. | उपप्रा.डा. बुद्धराज खनिया (शोध निर्देशक) | ............................... |

मिति : २०७३/०९/०५

Dec. 20, 2016

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर (एम.एड.) तह चौथो सत्र (सेमेस्टर) को नेपा.शि. ५४४ पाठ्यांशको उद्देश्य पुरा गर्ने प्रयोजनका लागि तयार पारेको हुँ ।

शोध आफैँमा गहन र जटिल विषय हो । त्यसमा पनि अध्ययन अनुसन्धान हुन नसकेको भाषाको अध्ययन झन जटिल । भाषा भाषिकाहरुको समष्टि रूप हो । नेपाली भाषा नेपालका बहु सङ्ख्यक नेपालीले बोल्ने भाषा । यस भाषाकै क्षेत्रीय भेद हो मार्माली भाषिका पनि । नेपाली भाषा आफ्नै संरचना र व्यवस्थामा आधारित छ । यसका क्षेत्रीय भेदहरुको संरचना र व्यवस्था पहिल्याउनु नितान्त आवश्यक र अपरिहार्य छ । दार्चुला जिल्लाको मार्मा क्षेत्रमा बोलिने स्थानीय भाषिक भेद 'मार्माली' भाषिकाको पनि संरचना र व्यवस्था पहिल्याउन आवश्यक ठानी 'मार्माली भाषिका र नेपाली भाषाका व्याकरणिक कोटिको तुलना' शीर्षकको यो शोधपत्र तयार पारिएको हो । यस शोधलाई यस रूपमा ल्याइ पुऱ्याउन उचित र अनुकरणीय निर्देशन गर्नुहुने शोध निर्देशक परम् आदरणीय गुरु उपप्रा.डा. बुद्धराज खनिया ज्यूप्रति कृतज्ञता व्यक्त गर्न शब्द अभाव देख्छु मैले ।

शोध शीर्षक चयनमा मन असन्तुलित नै थियो । असन्तुलित मनलाई शान्त पार्न शीर्षक चयनदेखि शोधपत्रलाई यस रूपमा ल्याइ पुऱ्याउन उचित सल्लाह र सुझाब दिनुहुने विभागीय प्रमुख श्रद्धेय गुरु प्रा.डा. रामप्रसाद भट्टराई ज्यूप्रति सहृदय कृतज्ञता व्यक्त गर्दछु । शोधपत्र लेखनका क्रममा आवश्यक सल्लाह दिनु हुने गुरु गणेश बहादुर बोहरा ज्यूलाई पनि कृतज्ञता व्यक्त गर्न करै लाग्छ । नेपाली भाषा शिक्षा विभागका सम्पूर्ण गुरु र गुरुआमाहरुलाई पनि हृदयतः कृतज्ञता व्यक्त गर्छु, जसले जे जसरी सहयोग  गर्नु भयो ।

जन्मनु-बामे सर्नु, तोतेबोली-बोल्न थाले, विद्यालय भर्ना-पढाइको निरन्तरता र सपनाको संसार, यसको श्रेय मातापिता । अतः नमन गर्छु उहाँहरु प्रति । यस अवस्थासम्म तपतप पसिना र आँखामा आशा बोकी वस्नु हुने मेरो जीवनकै सर्जक परम् पुज्यनीय मातापिता लिलामती र विष्णुदत्त जोशीप्रति आजन्म ऋणी छु । कठिन सङ्घर्ष र भाइकै सपनामा आजन्म सहयोग, माया, सद्भाव र निर्देशन गर्नुहुने दाइहरु लक्ष्मी र रमेश तथा दिदी कुमारी, भाउजुहरु चन्द्रावती र पुष्पा तथा प्यारो भाइ सुरेशहरुको ऋण झक्झकाउने छ मलाई । सामग्री सङ्कलनका लागि छनोटमा परेका सूचकहरुलाई पनि धन्यवाद नदिइरहन सकेन, जसले गर्दा यो शोध तयार भयो । विभिन्न पुस्तक तथा अनुसन्धानहरु जसको जसरी मैले सहयोग लिएँ उहाँहरुलाई सहृदय कृतज्ञता व्यक्त गर्दछु । सहपाठी

मित्रहरुको प्रत्यक्ष-अप्रत्यक्ष सहयोग समेत मेरा लागि स्मरणीय छ । यस शोधलाई शुद्ध टङ्कण गरी सहयोग गर्नुहुने 'जी' कम्प्युटर सेन्टरका जितेन महर्जनलाई विशेष धन्यवाद । त्यस्तै प्रत्यक्ष परोक्ष सहयोगी जनमनहरु प्रति हार्दिक धन्यवाद ।

अन्त्यमा यस शोधको उचित मूल्याङ्कनका लागि त्रि.वि. शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग समक्ष प्रस्तुत गर्दछु ।

मिति : २०७३/०८/०६

अशोक कुमार जोशी
नेपाली भाषा शिक्षा विभाग
त्रि.वि., कीर्तिपुर

# शोधसार

प्रस्तुत शोध भाषा र भाषिकाको तुलनात्मक अध्ययनसँग सम्बन्धित छ । दार्चुला जिल्लाको मार्मा क्षेत्रमा बोलिने स्थानीय भाषिक भेद र नेपाली भाषाका व्याकरणिक कोटिको तुलनात्मक विश्लेषण गरी यो शोध तयार पारिएको छ । दार्चुला जिल्लाको उत्तर पूर्वी भू-भागमा लटिनाथ, शेरी, तपोवन, गुल्जर, खण्डेश्वरी, घुषा, सितोला, सिष्टी, खार, एयरकोट र धुलिगडा गा.वि.स.लाई मार्मा क्षेत्र तथा यस क्षेत्रमा बोलिने स्थानीय भाषिक रूपलाई मार्माली भाषिका भनिन्छ । यो अध्ययन मार्माली भाषिकाका व्याकरणगत विशेषता पहिल्याउनु, मार्माली भाषिका र नेपाली भाषाका व्याकरणिक कोटिको तुलना गर्नु जस्ता उद्देश्यमा आधारित रही गरिएको छ ।

यस अध्ययनमा सामग्री सङ्कलन तथा विश्लेषणका लागि विभिन्न विधि तथा प्रक्रिया अवलम्बन गरिएको छ । यसमा प्राथमिक तथा द्वितीयक स्रोतीय सामग्रीको प्रयोग गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत क्षेत्रीय अध्ययन विधिको आधारमा सम्बन्धित क्षेत्रमा गई प्रश्नावली, अन्तर्वार्ता र अवलोकनद्वारा सामग्री सङ्कलन गरिएको छ । द्वितीयक स्रोतका रूपमा पूर्व अनुसन्धानले समेत पुष्टि गरेका कतिपय सामग्री रहेका छन् । अध्ययनको नमुना जनसङ्ख्याका रूपमा लटिनाथ, शेरी, तपोवन र गुल्जर गा.वि.स. लाई लिइएको छ । प्रत्येक गा.वि.स.बाट ५ जना पुरुष र ५ जना महिला गरी १०/१० जनाका दरले जम्मा ४० जनालाई सूचकका रूपमा लिइएको छ । सूचकहरुसँग भराइएका प्रश्नावली, अन्तर्वार्ता र अवलोकनबाट प्राप्त सूचनालाई वर्णनात्मक, व्याख्यात्मक र तुलनात्मक पद्धतिद्वारा प्रस्तुत गरी निष्कर्ष निकालिएको छ ।

यस अध्ययनको निष्कर्षलाई निम्नलिखित बुँदामा उल्लेख गरिएको छ :

- मार्माली भाषिकामा नेपाली भाषाका 'न्', 'य्', 'ष्', 'त्र्', 'र्' ध्वनिहरु कतिपय सन्दर्भमा क्रमशः 'ण्', 'ज्', 'ख्', 'तर्/त्तर्' र 'ड्' उच्चारण हुन्छन् ।
- यस भाषिकामा केही अल्पप्राण ध्वनिहरु महाप्राण तथा महाप्राण ध्वनिहरु अल्पप्राण हुन्छन् ।
- यस भाषिकाका केही नाम तथा क्रियामा ध्वनि समीभवन हुन्छ ।
- केही ध्वनिहरु दीर्घता सूचक, शब्दान्तका इकार र उकार ह्रस्व तथा संस्कृतबाट तद्भवित शब्दहरुको उच्चारण अपभ्रंश निकट हुने विशेषता पाइन्छ ।
- यस भाषिकाका सामान्य वर्तमान कालका क्रियामा 'न्' तथा 'ण्' ध्वनि आगम हुन्छ ।

- यस भाषिकामा नेपाली भाषा सरह उपसर्ग, प्रत्यय, समास, द्‌वित्व तथा सन्धि प्रक्रियाद्‌वारा शब्द निर्माण हुन्छ ।
- यस भाषिकामा तत्सम, तद्‌भव र आगन्तुक तिनै स्रोतका शब्दहरु तथा नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी, नामयोगी, विस्मयादि बोधक, संयोजक र निपात नौवटै वर्गका शब्द रहेका छन् ।
- मार्माली भाषिकामा कर्ता र क्रिया, नाम र सर्वनाम, विशेषण र विशेष्य तथा भेदक र भेद्‌य बिच व्याकरणिक कोटि तथा विभक्ति चिह्नका आधारमा सङ्‌गति हुन्छ ।
- यस भाषिकामा वाक्य संरचना र वाक्यका प्रकार नेपाली भाषा सरह पाइन्छन् ।
- यस भाषिकामा व्याकरणिक लिङ्‌ग विधान र कर्मणि प्रयोग पाइन्छ ।
- मार्माली भाषिकामा प्राचीन तथा मध्य कालीन नेपाली भाषाका केही अभिलक्षण पाइन्छन् ।
- यस भाषिकाका केही शब्द हिन्दी तथा कुमाउनी भाषा निकट रहेका पाइन्छन् ।
- मार्माली भाषिका र नेपाली भाषा दुबैमा नाम, विशेषण र क्रियामा लिङ्‌ग भेद पाइन्छ ।
- मार्माली भाषिका तथा नेपाली भाषामा ओकारान्त एक वचन, बहु वचन बनाउँदा आकार थपिन्छ भने सर्वनाममा मार्माली भाषिकामा 'उन्' प्रत्यय तथा नेपाली भाषामा 'हरु' प्रत्यय तथा क्रियामा विभिन्न रूपायकले बहु वचन व्यक्त गर्दछन् ।
- सार्वनामिक व्यवस्था दुबै भाषामा समान देखिन्छ भने सर्वनामका आधारमा तथा क्रियाको प्रयोगका आधारमा आदर स्पष्ट हुन्छ । नेपाली भाषाको 'तँ' र 'तिमी' अनादर र सामान्य आदरका लागि मार्माली भाषिकामा 'तँ' को प्रयोग पाइन्छ भने उच्चतम आदर मार्माली भाषिकामा पाइँदैन ।
- मार्माली भाषिका र नेपाली भाषा दुबैमा भूत र अभूत गरी दुई प्रकारकै काल व्यवस्था तथा रूपायक प्रत्ययमा भने रूपात्मक भिन्नता पाइन्छ ।
- यी दुबै भाषिका तथा भाषामा पाँच प्रकारका पक्ष, पाँच प्रकारकै भाव तथा तिन प्रकारको वाच्य व्यवस्था रहे तापनि क्रियाको रूपावलीमा रूपात्मक भेद पाइन्छ ।
- यी दुबै भाषिका तथा भाषामा वाक्यको अर्थ सकारात्मक जनाउने (करण) र निशेध जनाउने (अकरण) पाइन्छन् ।
- मार्माली भषिकामा अकरण जनाउन क्रियाका अगाडि 'जन्' र 'नाइ' रूपको योग हुन्छ भने नेपाली भाषाका क्रियाका आदि, मध्य र अन्त स्थानमा 'न' जोडिन्छ ।

# विषय सूची

पृष्ठ

## अध्याय एक

## शोध परिचय


१.१ पृष्ठभूमि १

१.२ समस्या कथन ३

१.३ शोध कार्यको उद्देश्य ४

१.४ शोधको औचित्य ४

१.५ शोध कार्यको सीमाङ्कन ४

१.६ अध्ययनको रूपरेखा ५


## अध्याय दुई

## सम्बद्ध कार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा


२.१ सम्बद्ध कार्यको पुनरावलोकन ६

२.१.१ पुस्तक एवम् लेख सम्बन्ध कार्यको पुनरावलोकन ६

२.१.२ शोध सम्बद्ध कार्यको पुनरावलोकन ७

२.२ सैद्धान्तिक अवधारणा १२

२.२.१ भाषाको परिचय १२

२.२.२ नेपाली भाषाको परिचय १४

२.२.३ भाषिकाको परिचय १५

२.२.४ भाषा र भाषिकाको सम्बन्ध १८

२.२.५ भाषिकाको वर्गीकरण १८

२.२.५.१ पूर्वेली भाषिका १९

२.२.५.२ माझाली भाषिका २०

२.२.५.३ ओर पच्छिमा भाषिका २१

२.२.५.४ मझ पच्छिमा भाषिका २२

२.२.५.५ पर पच्छिमा भाषिका २३

२.२.६ व्याकरणको परिचय २३

२.२.७ व्याकरणिक कोटि २४

## अध्याय तिन

## शोध विधि र प्रक्रिया

३.१ जनसङ्ख्या तथा नमुना छनोट ३६
३.२ तथ्य सङ्कलन प्रक्रिया ३६
३.२.१ तथ्य सङ्कलनका स्रोत ३७
३.२.१.१ प्राथमिक स्रोत ३७
३.२.१.२ द्‌वितीयक स्रोत ३७
३.२.२ तथ्य सङ्कलनका साधन ३७
३.२.२.१ प्रश्नावली ३७
३.२.२.२ अन्तर्वार्ता ३८
३.२.२.३ अवलोकन ३८
३.३ व्याख्या विश्लेषण ३८

## अध्याय चार

## मार्माली भाषिकाका व्याकरणगत विशेषता

४.१ मार्मा क्षेत्रको परिचय ३९
४.२ मार्माली भाषिकाको परिचय ४१
४.३ मार्माली भाषिकाका विशेषता ४२
४.३.१ मार्माली भाषिकाको उच्चारण ४२
४.३.२ मार्माली भाषिकामा रूपायन प्रक्रिया ४५
४.३.२.१ नामको रूपायन ४५
४.३.२.२ मार्माली भाषिकामा सर्वनामको रूपायन ४७
४.३.२.३ विशेषणको रूपायन ४९
४.३.२.४ क्रियाको रूपायन ५०
४.३.३ मार्माली भाषिकाका शब्दगत विशेषता ५५
४.३.३.१ मार्माली भाषिकामा शब्द निर्माण प्रक्रिया ५६
४.३.३.२ मार्माली भाषिकाका शब्दवर्ग ५९
४.३.३.३ मार्माली भाषिकाका शब्द स्रोत ६३
४.३.४ मार्माली भाषिकाका वाक्यगत विशेषता ६४
४.३.४.१ मार्माली भाषिकामा पद सङ्गति ६५
४.३.४.२ मार्माली भाषिकाको वाक्य संरचना ६७
४.३.४.३ वाक्यका प्रकार ६९
४.३.५ मार्माली भाषिकाका अन्य विशेषताहरु ७२

## अध्याय पाँच

## मार्माली भाषिका र नेपाली भाषाका व्याकरणिक कोटिको तुलना


५.१ लिङ्गको तुलना ७५

५.१.१ नाममा लिङ्ग ७५

५.१.२ विशेषणमा लिङ्ग ७६

५.१.३ क्रियापदमा लिङ्ग ७८

५.२ वचनको तुलना ७९

५.२.१ नाममा वचन ७९

५.२.२ सर्वनाममा वचन ८१

५.२.३ विशेषणमा वचन ८३

५.२.४ क्रियामा वचन ८५

५.३ पुरुषको तुलना ८५

५.३.१ प्रथम पुरुषको तुलना ८६

५.३.२ द्वितीय पुरुषको तुलना ८८

५.३.३ तृतीय पुरुषको तुलना ८९

५.४ आदरको तुलना ९०

५.५ कालको तुलना ९३

५.५.१ भूतकाल ९३

५.५.२ अभूत काल ९४

५.५.२.१ वर्तमान काल ९४

५.५.२.२ भविष्यत् काल ९६

५.६ पक्षको तुलना ९७

५.६.१ सामान्य पक्ष ९८

५.६.२ अपूर्ण पक्ष १००

५.६.३ पूर्णपक्ष १०२

५.६.४ अज्ञात पक्ष १०५

५.६.५ अभ्यस्त पक्ष १०५

५.७ भावको तुलना १०६

५.७.१ सामान्यार्थ भाव १०६

५.७.२ आज्ञार्थ भाव १०७

५.७.३ इच्छार्थ भाव १०८

५.७.४ सम्भावनार्थ भाव १०८
५.७.५ सङ्केतार्थ भाव १०९
५.८ वाच्यको तुलना ११०
५.८.१ कर्तृवाच्य ११०
५.८.२ कर्मवाच्य १११
५.८.३ भाववाच्य ११२
५.९ ध्रुवीयता ११३

**अध्याय छ**

**सारांश, निष्कर्ष र उपादेयता**

६.१ सारांश ११४
६.२ निष्कर्ष ११७
६.३ उपादेयता १२६
६.३.१ नीतिगत तह १२६
६.३.२ प्रयोगगत तह १२६
**सन्दर्भ सामग्री** १२७
**परिशिष्ट**
**व्यक्तिवृत्त**

# तालिका सूची


| तालिका नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | नाममा लिङ्गको तुलना | ७६ |
| २. | मानवीय नाममा विशेषण र विशेष्य बिचको लिङ्ग | ७७ |
| ३. | मानवेतर नाममा विशेषण र विशेष्य बिचको लिङ्ग | ७७ |
| ४. | मानवीय नाम सम्बद्ध क्रियापदमा लिङ्ग | ७८ |
| ५. | मानवेतर नाम सम्बद्ध क्रियापदमा लिङ्ग | ७९ |
| ६. | ओकारान्त नाममा वचन | ८० |
| ७. | अन्य नामको वचन | ८० |
| ८. | पुरुषवाचक सर्वनाम र वचन | ८१ |
| ९. | सम्बन्ध वाचक सर्वनाम र वचन | ८२ |
| १०. | प्रश्न वाचक सर्वनाम र वचन | ८२ |
| ११. | विशेषणमा वचन | ८३ |
| १२. | वचनमा इकारान्त स्त्रीलिङ्गी विशेषण | ८४ |
| १३. | अगणनीय नाम र विशेषणको तुलना | ८४ |
| १४. | क्रियामा वचन | ८५ |
| १५. | पुरुष वाचक सर्वनामहरु | ८६ |
| १६. | प्रथम पुरुषको तुलना | ८७ |
| १७. | द्वितीय पुरुषको तुलना | ८८ |
| १८. | तृतीय पुरुषको तुलना | ८९ |
| १९. | आदरको तुलना | ९१ |
| २०. | भूतकालको तुलना | ९३ |
| २१. | वर्तमान कालको तुलना | ९५ |
| २२. | भविष्यत् कालको तुलना | ९६ |
| २३. | सामान्य भूतको तुलना | ९८ |
| २४. | सामान्य वर्तमानको तुलना | ९९ |
| २५. | सामान्य भविष्यत्को तुलना | ९९ |
| २६. | अपूर्ण भूतको तुलना | १०० |
| २७. | अपूर्ण वर्तमानको तुलना | १०१ |
| २८. | अपूर्ण भविष्यत्को तुलना | १०१ |

| | | |
|---|---|---|
| २९. | पूर्णभूतको तुलना | १०२ |
| ३०. | पूर्ण वर्तमानको तुलना | १०३ |
| ३१. | पूर्ण भविष्यत्को तुलना | १०४ |
| ३२. | अज्ञात पक्षको तुलना | १०५ |
| ३३. | अभ्यस्त पक्षको तुलना | १०६ |
| ३४. | सामान्यार्थ भावको तुलना | १०७ |
| ३५. | आज्ञार्थ भावको तुलना | १०७ |
| ३६. | इच्छार्थ भावको तुलना | १०८ |
| ३७. | सम्भावनार्थ भावको तुलना | १०९ |
| ३८. | सङ्केतार्थ भावको तुलना | १०९ |
| ३९. | कर्तृवाच्यको तुलना | ११० |
| ४०. | कर्मवाच्यको तुलना | १११ |
| ४१. | भाववाच्यको तुलना | ११२ |
| ४२. | ध्रुवीयताको तुलना | ११३ |

# सङ्क्षिप्त शब्दसूची

| सङ्क्षिप्त रूप | | पूर्ण रूप |
|---|---|---|
| गा.वि.स. | : | गाउँ विकास समिति |
| पु. | : | पुलिङ्ग |
| ए.व. | : | एक वचन |
| ब.व. | : | बहु वचन |
| लि. | : | लिङ्ग |
| प्र.पु. | : | प्रथम पुरुष |
| द्वि.पु. | : | द्वितीय पुरुष |
| तृ.पु. | : | तृतीय पुरुष |
| स्त्री. लि. | : | स्त्री लिङ्ग |